बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

बर्दिबास नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७९/११/०८

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरी समितिको भूमिका लाई प्रभावकारी र परिणाम मुखी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७९ को दफा १०२ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद– १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम बर्दिबास नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनपुर्छ।

(ख) "समिति" भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने स्थानीय राजस्व परामर्श समिति सम्झनु पर्छ ।

ग) "संयोजक" भन्नाले ऐनको दफा६५बमोजिम गठन हुने समितिको संयोजक सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने समितिको सदस्य सम्झनु पर्छ ।

(ङ) "सदस्य सचिव" भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने समितिको सदस्य सचिव सम्झनु पर्छ

परिच्छेद– २

राजस्व परामर्श समितिको कार्यक्षेत्र

३. **समितिको कार्यक्षेत्र :** (१) ऐनको दफा ६५ उपदफा (२) मा उल्लेखित कामका अतिरिक्त समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(क) आय ठेक्का बन्दोबस्त तथा राजस्व असुलीको लागि अपनाइएका विधिहरुको अनुगमन र मुल्यांकन गर्ने,

(ख) राजस्व असुलीमा देखिएका समस्याको पहिचान गरी समस्या समाधानका लागि कार्यपालिकालाई सुझाव दिने,

(ग) राजस्व प्रशासनमा काम गर्ने जनशक्तिको क्षमता विकास सम्बन्धी योजना तयार गर्ने,

(घ) राजस्व प्रशासनमा सचूना प्रविधिको उपयोग सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने,

(ङ) राजस्व परिचालनको नियमित अनुगमन तथा लक्ष्य अनसुारको राजस्व आम्दानी भए नभएको समीक्षा गरी कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिने,

(च) राजस्व अभिवृद्धीका लागि नीतिगत, कानुनी र संरचनागत सुधार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने,

(छ) राजस्व सुधार सम्बन्धी तयार गरिएको कार्ययोजना कार्यान्वयनमा पहल गर्ने,

(ज) करदाता शिक्षा अभियान सञ्चालन गर्ने गराउने,

(झ) उत्कृष्ट करदाताको पहिचान गरी पुरस्कृत गर्न कार्यपालिकालाई सिफारिस गर्ने,

(ञ) प्रत्येक करका क्षेत्रमा रहेका सम्भावित करदाता र सम्भाव्य कर असुलीको विवरण अध्यावधिक गर्ने, गराउने,

(ट) करको दायरामा नआएका करदाताहरुको अभिलेख अद्यावधिक गरी कर असुलीको लागि ताकेता गर्ने, गराउने,

(ठ) राजस्व परिचालनका लागि समन्वय र साझेदारीका सम्भावित क्षेत्र पहिचान गरी कार्यपालिकालाई सिफारिस गर्ने,

(ड) राजस्वको प्रतिवेदन प्रणालीको प्रभावकारिताका लागि आवश्यक पृष्ठपोषण प्रबर्धन गर्ने तथा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाउने,

(ढ) कार्यपालिकाले तोकेका र समितिले उपयुक्त ठहरयाएका अन्य कार्य गर्ने ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

परिच्छेद– ३

समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

४. **संयोजकको काम, कर्तव्य र अधिकारः** संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकको मिति र समय तोक्ने,

(ग) बैठकको सम्भावित कार्यसुची तय गर्ने,

(घ) राजस्व परिचालनसँग सम्बन्धित अन्तर निकायगत समन्वय गर्ने,

(ङ) समितिको प्रभावकारी कार्य सम्पादनको नेतृत्व गर्ने,

(च) सदस्यहरुको जिम्मेवारी बाँडफाँट गर्ने,

(छ) समितिले तोकेका अन्य कार्य गर्ने ।

५. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) समितिको बैठकमा उपस्थित भई आफ्नो सुझाव र धारणा राख्ने,

(ख) आफुलाई तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्ने,

(ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

६. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) समितिको सचिव भई काम गर्ने,

(ख) संयोजकसँग समन्वय गरी बैठकको कार्यसुची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) राजस्वसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण गरी समितिको बैठकमा पेस गर्ने,

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(घ) नगरपालिकाको राजस्व सुधारका लागि योजना तयारी र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,

(ङ) राजस्वका आधार, दर र दायराको विश्लेषण गरी आय अनमुान तयार गर्न समितिलाई सहयोग गर्ने,

(च) समितिलाई आर्थिक विधेयकको मस्यौदा तयार गर्न सहयोग गर्ने,

(छ) समितिको वार्षिक प्रतिवेदन तयार गरी समितिको बैठकमा पेस गर्ने,

(ज) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(झ) समितिले तोकेका अन्य कार्य गर्ने

परिच्छेद– ४

समितिको बैठक र कार्यसूची

७. समितिको बैठक सम्बन्धी व्यवस्थाः (१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका सदस्यमध्ये कम्तिमा एकाउन्न प्रतिशत सदस्यको उपस्थित भएमा बैठकको गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(२) बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिकाका सदस्य मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मति हुन नसकेमा समितिका कुल सदस्य सङ्ख्याको बहुमतबाट गरेको निर्णय मान्य हु नेछ ।

(४) समितिले आवश्यकता अनसुार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) बैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्नेछ ।

८. समितिको बैठक र कार्यसूची :(१) समितिको बैठक आवश्यकता अनसुार बस्न सक्नेछः

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएं तापनि समितिको बैठक प्रत्येक आर्थिक बर्षको पौष १५ गतेभित्र र बैशाख १५ गतेभित्र गरी कम्तीमा दई पटक बस्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम **पौष १५ गते भित्र बस्ने बैठकको सम्भावित कार्यसुची** देहाय बमोजिम हु नेछः–

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(क) राजस्व प्रशासन सुधारका लागि स्वीकृत योजना तथा वार्षिक कार्यक्रम अनुरुप क्रियाकलापहरु कार्यान्वयन अवस्थाको समीक्षा गरी आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) अघिल्लो आर्थिक वर्ष र चालु आर्थिक वर्षको लक्ष्य अनसुार राजस्व असुली भए नभएको समीक्षा गर्ने,

(ग) आगामी आर्थिक वर्षको आयको प्रक्षेपण गरी कार्यपालिकामा पेस गर्ने,

(घ) समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी कार्यपालिकामा सुझाव पेस गर्ने,

(ङ) राजस्व प्रशासनको नियमित अनुगमनको नतिजा उपर छलफल गरी कार्यपालिकामा सुझाव पेस गर्ने,

(च) समितिले आवश्यक ठानेका अन्य विषयमा छलफल गर्ने ।

(४) उपदफा (२) बमोजिम **बैशाख १५ गतेभित्र बस्ने बैठकको सम्भावित कार्यसुची** देहाय बमोजिम हु नेछः–

(क) चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको राजस्व सङ्कलनको समीक्षा गरी बाँकी अवधिमा उठ्न सक्ने राजस्वको संशोधित अनमुान तयार गर्ने,

(ख) आगामी आर्थिक वर्षको लागि नगरपालिकाले लगाउने कर र गैर राजस्वका दर निर्धारण गर्ने,

(ग) कर र गैरकरका दरमा हुने परिवर्तन र राजस्वको दायरा विश्लेषण गरी आगामी आर्थिक वर्षको आन्तरिक आय अनमुान तयार गर्ने,

(घ) आगामी आर्थिक वर्षको लागि प्राप्त बजेट सीमा, गत आर्थिक वर्षहरुको यथार्थ आय र चालु आर्थिक वर्षको संशोधित अनमुानका आधारमा आगामी आर्थिक वर्षका लागि आय अनमुान तयार गर्ने,

(ङ) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय सङ्कलनको न्यूनतम ठेक्का अङ्क अनमुान गर्ने,

(च) नगरपालिकाको राजस्व परिचालन नीति तर्जुमा तथा पुनरावलोकन गर्ने,

(छ) आगामी आर्थिक वर्षका लागि राजस्व प्रशासन सुधारकोको क्रियाकलाप निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक स्रोतको अनमुान तयार गर्ने,

(ज) आगामी आर्थिक वर्षको राजस्व नीति एवम कर तथा गैर करका दर परिमार्जन सम्बन्धी विषयमा सरोकारवालाहरुसँग परामर्श गर्ने,

(झ) आगामी आर्थिक वर्षको लागि आर्थिक ऐनको मस्यौदा तयार गर्ने,

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(ञ) समितिले आवश्यक देखेका अन्य विषयमा छलफल गर्ने ।

(ट) उल्लिखित क्रियाकलापहरुको आधारमा समितिको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेसगर्ने ।

परिच्छेद–५

दर निर्धारण, आय प्रक्षेपण तथा आवधिक समीक्षा गर्ने

९. दर निर्धारण गर्दा ध्यान दिनु पर्नेः (१) समितिले करका दर निर्धारणका लागि सिफारिस गर्दा करदाताको कर तिर्न सक्ने क्षमतालाई आधार मान्नु पर्नेछ ।

(२) गैरकरका दर निर्धारणका लागि सिफारिस गर्दावस्तु वा सेवाको लागत, सञ्चालन र मर्मत सम्भार खर्चलाई आधार मान्नु पर्नेछ ।

(३) समितिले उपदफा (१) र (२) बमोजिम कर र गैर करको दर सिफारिस गर्दा छिमेकी स्थानीय तहले निर्धारण गरेको दररेटलाई समेत ध्यान दिनु पर्नेछ ।

(४) कर तथा गैरकरका दरहरु पुनरवलोकन गर्दा विगतको दरमा एकै पटक ठूलो अनपुातमा बृधि नहुने गरी सिफारिस गर्नुपर्नुर्नेछ ।

१०. आय प्रक्षेपण गर्नेः (१) समितिले दफा ९ बमोजिम निर्धारण गरेको कर तथा गैर करको दर तथा उपलब्ध सुचना एवम तथ्यांक अनरुप कर तथा गैर करको आधार यकिन गरी आगामी आर्थिक वर्षको आन्तरिक आयको प्रक्षेपण गर्नु पर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनदुान, राजस्व बाँडफाँट र प्राकृतिक श्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी रकमको अनमुान गर्दा प्राप्त भएको बजेट सीमालाई आधार मान्नु पर्नेछ ।

(३) ऋणबाट प्राप्त हने आयको सम्बन्धि सम्बन्धित पक्षसँग भएको सम्झौतालाई आधार मान्नु पर्नेछ ।

(४) समितिले यस दफा बमोजिम आय प्रक्षेपण गर्दा जनसहभागिता र अन्तर स्थानीय तह सहयोग स्वरुप प्राप्त हुने रकमको समेत अनमुान गर्नु पर्नेछ ।

(५) राजस्व प्रक्षेपण गर्दा अवलम्बन गर्न सकिने विधि अनसुची १ मा तोकिए बमोजिम हुनेछ ।

(६) समितिले आय प्रक्षेपणको लागि महालेखा नियन्त्रक कार्यालयले समय समयमा तोकिदिए बमोजिमको एकीकृत आर्थिक सङ्केत, वर्गीकरण र व्याख्या अनरुप अनुसुची २ बमोजिमको ढाँचा प्रयोग गर्नु पर्नेछ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

११. आयको आवधिक समिक्षा गर्नुपर्नेः (१) समितिले कार्यपालिकाको त्रैमासिक र वार्षिक प्रगति समीक्षा बैठकमा आयको वार्षिक तथा त्रैमासिक लक्ष्य र यथार्थ प्रगति विवरण तयार गरी पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस गरिने प्रगति विवरणमा राजस्व नीति,सुधारमा क्रियाकलाप, लक्ष्य अनसुार राजस्व परिचालन भए नभएको र राजस्व परिचालनमा देखिएका समस्या एवम् समाधानका उपायहरु समेत समावेश गर्नु पर्ने छ ।

१२. उपसमिति वा कार्यदल गठन गर्न सकिनेः (१) समितिले आफ्नो काममा सहयोग पुग्ने गरी आवश्यकता अनसुार समितिका सदस्यको संयोजकत्वमा सम्बन्धित विषय क्षेत्रका विज्ञ समेत समावेश भएको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको कार्यविवरण त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाकै बखत तोकि दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम गठन हुने उपसमिति वा कार्यदलका सदस्यलाई कुनै किसिमको सेवा सुविधा उपलब्ध गराउनु पर्ने अवस्थामा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

परिच्छेद– ६

विविध

१३. समितिको प्रतिवेदनः (१) समितिले आफुले गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेसगरिने वार्षिक प्रतिवेदनको ढाचा अनसुची ३ मा तोकिए बमोजिम हुनेछ ।

१४. सचिवालय सम्बन्धी व्यवस्थाः (१) राजस्व शाखा वा राजस्व सम्बन्धी काम गर्न तोकिएको एकाइले समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

(२) सचिवालयले समितिको निर्णय पुस्तिका सुरक्षित रुपमा राख्ने तथा यस कार्यविधि बमोजिम तयार गरिने प्रतिवेदन एवम राजश्वसंग सम्बन्धित सुचना र तथ्याङ्कको व्यवस्थित अभिलेख राख्नु पर्नेछ ।

१५. अधिकार प्रत्यायोजनः संयोजकले आफुलाई प्राप्त अधिकार समितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. बैठक भत्ताः समितिका पदाधिकारीहरुले पाउने बैठक भत्ता तथा अन्य सुविधा प्रदेश कानुन बमोजिम हु नेछ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

१७. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै कुरामा दुविधा वा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

अनसुची– १

(दफा १० को उपदफा (५) सँग सम्बन्धित) राजस्व प्रक्षेपणका लागि अवलम्बन गरिने विधि

१ **तथ्याङ्कीय आधारः** करदाता संख्या X करको औसत दर X दायरामा ल्याउन सकिने प्रतिशत ।

२. **विगतको आय वृद्धि प्रबिधि** : कम्तिमा ३ देखी ५ बर्षको औषत वार्षिक वृद्धि दर निकाली अन्तिम वर्षको अनमुानित आयमा सोही प्रतिशतको आधारमा वृद्धि गर्दै जाने ।

३. **विनियोजन तथा त्यसपछि एकमुष्ठ (Lum Sum) वृद्धि दरः** सङ्घ र प्रदेश सरकारबाट प्राप्त हु ने राजस्व बाँडफाँट तथा अन्य निकायबाट प्राप्त हु ने अनमुानित रकममा वार्षिक १० प्रतिशतका दरले वृद्धि गर्दै जाने ।

४. **सम्झौताको आधारः** ऋण तथा अन्य आयको सम्झौता भएमा सोही सम्झौताको आधारमा आयको प्रक्षेपण गर्ने

५. **अनमुानको आधारमा प्रक्षेपणः** विलकुलै नयाँ आयका स्रोतहरू भई आय अनमुानका लागि कुनै आधार उपलब्ध नभएको अवस्था प्रयोग गर्ने ।

६. **शुन्य प्रक्षेपणः** आयको कुनै सम्भावना नभएका शिर्षकहरूमा प्रयोग गर्ने ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

अनसुची– २

(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या अनुसार राजस्व तथा अनुदान प्राप्तिको अनुमान

क) राजस्व तथा अनुदान प्राप्तिको अनुमान

राजश्व संकेत	राजश्व शिर्षक	आ.ब.२० ..1.. को यथार्थ	आ.ब.२०. .1.. को अनुमान	आ.ब.२०.. 1.. को संशोधित अनुमान	आ.ब.२०. .1.. को अनुमान
१००००	**राजश्व तथा अनुदान**				
११०००	**कर**				
११३००	**सम्पति कर**				
११३१०	**अचल सम्पतिमा लाग्ने कर**				
११३११	व्यक्तिगत सम्पतिमा लाग्ने बार्षिक बार्षिक कर				
११३१२	संस्थागत सम्पतिमा लाग्ने बार्षिक कर				
११३१३	सम्पति कर				
११३१४	भुमि \ मालपोत				
११३१५	घरजग्गा रजिस्ट्रेशन दस्तुर				
११३२०	**खुद सम्पतिमा लाग्ने चालु कर**				
११३२१	घर वहाल कर				
११३२२	वहाल विटोरी कर				
११३५०	**वित्तीय र पुँजीगत करोवार मा लाग्ने कर**				
११३५१	व्यवसाय कर				
११४००	**वस्तु तथा सेवामा लाग्ने कर**				
११४१०	**मुल्य अभिबृध्दि कर**				
११४१०	बांडफांट भई प्राप्त हुने मु.अ. कर				
११४२०	**अन्त:शुल्क**				
११४२१	बांडफांटब भई प्राप्त हुने अन्त:शुल्क				
११४४०	**विशेष सेवामा लाग्ने कर**				
११४४२	स्वास्थ्य सेवा कर				
११४४३	शिक्षा सेवा शुल्क : शैक्षिक संस्था				
११४४३	शिक्षा सेवा शुल्क: बैदेशिक				

	अध्ययन				
११४५०	**पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर**				
११४५१	सवारी साधन कर {टाँगा, रिक्सा, अटोरिक्सा, ई –रिक्साको सवारी दर्ता र बार्षिक कर समेत }				
११४५२	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर				
११४५६	बांडफांटबाट प्राप्त हुने सवारी कर				
११४७०	**मनोरन्जन तथा विज्ञापन कर**				
११४७१	बांडफांटबाट प्राप्त हुने मनोरन्जन कर				
११४७२	बांडफांटबाट प्राप्त हुने बिज्ञापन कर				
११४७३	अन्य मनोरंजन कर				
११६००	**अन्य कर**				
११६१०	**व्यवसायीले भुक्तानी गर्ने**				
११६१३	व्यवसाय रजिस्ट्रेशन दस्तुर				
११६१४	रेडियो , एफ.एम. संचालन दस्तुर				
११६२०	**व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने**				
११६२१	चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धि दस्तुर				
११६३०	**कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर**				
११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर				
११६३२	आखेटोपहारमा लाग्ने कर [जडीबुटी, र जीवजन्तु कर]				
११६९०	**अन्य कर**				
११६९१	अन्य कर [कवाडी कर]				
१३०००	**अनुदान**				
१३१००	**द्विपक्षीय वैदेशिकअनुदान**				
१३३१०	**द्विपक्षीय वैदेशिक चालु अनुदान**				

१३१११	द्बिपक्षीय वैदेशिक चालु अनुदान				
१३१२०	**द्बिपक्षीय वैदेशिक पुँजीगत अनुदान**				
१३१२१	द्बिपक्षीय वैदेशिक पुँजीगत अनुदान				
१३२००	**वहुपक्षीय वैदेशिक अनुदान**				
१३२१०	**वहुपक्षीय वैदेशिक चालु अनुदान**				
१३२११	अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान				
१३२१२	अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान				
१३२२०	**वहुपक्षीय वैदेशिक पुँजीगत अनुदान**				
१३२२१	अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पुँजीगत अनुदान				
१३२२२	अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त पुँजीगत अनुदान				
१३२३०	**अन्य वैदेशिक चालु अनुदान**				
१३२३१	अन्य वैदेशिक चालु अनुदान				
१३२४०	**अन्य वैदेशिक पुँजीगत अनुदान**				
१३२४१	अन्य वैदेशिक पुँजीगत अनुदान				
१३३००	**अन्तर सरकारी वित्तीय हस्तान्तरण**				
१३३१०	**अन्तर सरकारी अनुदान**				
१३३११	समानीकरण अनुदान				
१३३१२	**शसर्त अनुदान चालु**				
१३३१३	**शसर्त अनुदान पुँजीगत**				
१३३१४	**विशेष अनुदान चालु**				
१३३१५	**विशेष अनुदान पुँजीगत**				
१३३१६	**समपुरक अनुदान चालु**				
१३३१७	**समपुरक अनुदान पुँजीगत**				
१३३१८	**अन्य अनुदान [सामाजिक सुरक्षा]**				
१३३१९	**अन्य अनुदान पुँजीगत**				

१३३२०	**अन्तर सरकारी पुंजीगत अनुदान**				
१३३२१	**शसर्त पुंजीगत अनुदान**				
१३३२२	**विशेष पुंजीगत अनुदान**				
१३४००	**अन्य आन्तरिक अनुदान**				
१३४१०	**अन्य आन्तरिक अनुदान**				
१३४११	अन्य सस्थागत आन्तरिक अनुदान [सडकबोर्ड नेपाल]				
१३४१२	अन्य व्यक्तिगत आन्तरिक अनुदान [लागत सहभागिता				
१४०००	**अन्य राजश्व**				
१४१००	**सम्पतिबाट प्राप्त आय**				
१४११०	**व्याज**				
१३४११	वित्तीय निकायबाट प्राप्त व्याज				
१४११२	व्यापारिक निकायबाट प्राप्त व्याज				
१४११३	औध्योगिक निकायबाट प्राप्त व्याज				
१४११४	सेवामुलक निकायबाट प्राप्त व्याज				
१४११९	अन्य निकायबाट प्राप्त व्याज				
१४१२०	**लाभांश**				
१४१२१	वित्तीय निकायबाट प्राप्त लाभांश				
१४१२२	व्यापारिक निकायबाट प्राप्त लाभांश				
१४१२३	औध्योगिक निकायबाट प्राप्त लाभांश				
१४१२४	सेवामुलक निकायबाट प्राप्त लाभांश				
१४१२९	अन्य निकायबाट प्राप्त लाभांश				
१४१५०	**भाडा तथा रोयल्टी**				
१४१५१	सरकारी सम्पतिको वहालबाट प्राप्त आय				
१४१५२	क्यासिनोबाट प्राप्त रोयल्टी				
१४१५३	अन्य स्रोतबाट प्राप्त बांडफांट नहुने रोयल्टी				
१४१७०	**राजश्व बांडफांटबाट प्राप्त आय**				
१४१७१	वन रोयल्टी				

१४१७२	नदिजन्य पदार्थ तथा खानी रोयल्टी				
१४१७३	जलश्रोत रोयल्टी				
१४१७६	पर्यटन सेवा शुल्क रोयल्टी				
१४१७७	घरजग्गा रजिस्ट्रेशन रोयल्टी				
१४१७८	सवारी नकर				
१४१७९	अन्य बांडफांड हुने राजश्व				
१४२००	**वस्तु तथा विक्रीबाट प्राप्त आय**				
१४२१०	**वस्तु तथा विक्रीबाट प्राप्त आय**				
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय				
१४२१२	सरकारी सम्पति बिक्रीबाट प्राप्त आय				
१४२१६	अन्य बिक्रीबाट प्राप्त आय [राजपत्र, पुस्तक, नक्शा आदि]				
१४२१६	निजि धारा वापतको शुल्क				
१४२१७	खानेपानी, नहर तथा कुलो उपयोग वापतको शुल्क				
१४२१९	अन्य सेवा शुल्क [पार्क, एम्बुलेन्स आदि]				
१४२२०	**प्रशासनिक सेवा शुल्क**				
१४२२१	न्यायिक दस्तुर				
१४२२३	शिक्षा क्षेत्रको आम्दानी				
१४२२४	परिक्षा शुल्क				
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क [बोलपत्र , फारम बिक्रि]				
१४२४०	**दस्तुर**				
१४२४१	पार्किंग शुल्क				
१४२४२	नक्शा पास दस्तुर				
१४२४३	सिफारिस द्स्तुर [प्रमाणित समेत]				
१४२४४	व्यक्तिगत घटना दस्तुर				
१४२४५	नाता प्रमाणित दस्तुर				
१४२४६	मुल्यांकन दस्तुर				
१४२४९	अन्य दस्तुर [दर्ता, अनुमति, इजाजत]				
१४२२६०	**अन्य प्रशासनिक दस्तुर**				
१४२६२	विधुत सम्बन्धि दस्तुर				

१४२६३	जलश्रोत सम्बन्धि अन्य दस्तुर [पानी बिक्रि]				
१४२६५	अन्य क्षेत्रको आय [सामुदायिक वन पैदाबर बिक्रि बाट				
१४३००	**दण्ड , जरीवाना र जफत**				
१४३११	न्यायिक दण्ड, जरीवाना र जफत				
१४३१२	प्रशासनिक दण्ड, जरीवाना र जफत				
१४३१३	धरौटी सदर स्याहा				
१४४००	**अनुदान वाहेकको हस्तान्तरण**				
१४४१०	**चालु हस्तान्तरण**				
१४४११	चालु हस्तान्तरण				
१४४२०	**पुँजीगत हस्तान्तरण**				
१४४२१	पुँजीगत हस्तान्तरण				
१४५००	**विविध राजश्व**				
१४५१०	**चालु दावी तथा अन्य शुल्कहरु**				
१४५११	विमा दावी				
१४५२०	**अन्य राजश्व**				
१४५२१	प्रदुषण नियन्त्रण शुल्क				
१४५२२	साना सवारी कर				
१४५२३	लागत सहभागिता				
१४५२९	अन्य राजश्व [विविध आय]				
१४५३०	**पुँजीगत राजश्व**				
१४५३१	सरकारी घर ,जग्गा ,गुडविल बिक्रीबाट प्राप्त आय				
१५०००	**बेरुजु**				
१५१००	**बेरुजु**				
१५११०	बेरुजु				
१५१११	बेरुजु				
१५११२	निकासा फिर्ता				
१५११३	अनुदान फिर्ता				
३३०००	**दायित्व**				
३३१००	**आन्तरिक दायित्व**				
३३१९१	ऋणपत्र मार्फत प्राप्त ऋण				
३३१९२	अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण				
३३१९३	अन्य संघ संस्थाबाट प्राप्त ऋण				
३३२००	वाह्य वित्तीय दायित्व				

३३२४०	खुद वैदिशिक ऋण				
३३२४१	वैदेशिक ऋणको प्राप्ति				
	जम्मा राजस्व, अनुदान तथा दायित्व				

बर्दिबास नगरपालिकाको आय संचना को सारौंश

क्र.सं.	राजश्व शिर्षक	यथार्थ [अघिल्लो आ.ब.को	प्रस्तावित [चालु आ.ब.क	प्रक्षेपित आय [आगामी ३ आ.ब.हरु को]		
		२०.../...	२०.../..	२०.../..	२०.../.	२०.../
१	आन्तरिक आय					
२	संघीय राजश्व बांडफांड बाट प्राप्त आय					
३	प्रदेश राजश्व बांडफांड बाट प्राप्त आय					
४	अनुदान					
५	दायित्व					
६	जनसहभागिता					
कूल आयमा आन्तरिक आयको हिस्सा						

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

अनुसुची – ३

(दफा १३ को उपदफा (२) सँग सम्वन्धित)

बर्दिबास नगरपालिका राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन

(क) पृष्ठ भूमि

(ख) राजस्वको मौजु दा अवस्थाको विश्लेषण (राजस्व आम्दानीको विगत ३ देखि ५ वर्षको प्रवत्तिृ विश्लेषण समेत)

(ग) राजस्व नीतिहरु (प्रस्तावित)

(घ) करका आधारहरु (गैर कर समेत)

क्र.सं.	कर तथा गैर करको विद्यमान आधार	आगामी आ.ब.को लागिआधार	पुस्टीयाई

(ङ.) आगामी आ.ब.को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर

क्र.सं.	कर तथा गैर करको आधार	चालु आ.ब.को लागि आधार	आगामीआ.ब.को लागि आधार	पुस्टीयाई	कैफियत

(च) आगोमी आ. व.को लागि अनुमानित कर तथा गैर कर राजश्व रकम

क्र.सं.	कर तथा गैर करको आधार	चालु आ.ब.को लागि आधार	आगामी आ.ब.को लागि आधार	पुस्टीयाई	कैफियत

(छ) निष्कर्ष तथा सुझावहरु

संयोजक ....

सदस्य ....

सदस्य ....

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

सदस्य ....

सदस्य ....

सम्वत २०७९ साल फाल्गुन ०८ गते बसेको नगर कार्यपालिकाको बैठकले स्थानीय सरकार सन्चालन ऐन २०७४को दफा १०२ बमोजिम यो कार्यविधि पारित गरेकोले प्रमाणीकरण गर्दछु ।

....

प्रल्हाद कुमार क्षेत्री
नगर प्रमुख
मिति २०७९।११।०८

आज मिति २०७९।११।०८ गते बर्दिबास नगरपालिकाका प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक सम्पन्न गरियो ।

उपस्थिति

क्र.सं.	नाम	पद	हस्ताक्षर
१	प्रहलाद कुमार क्षेत्री	प्रमुख	
२	तारा देवी	उप प्रमुख	
३	भोला खड्का	वडा अध्यक्ष-१	
४	धिरेन्द्र कुमार सिंह	वडा अध्यक्ष-२	
५	विराट कुमार विष्ट	वडा अध्यक्ष-३	
६	अक्कल बहादुर तमाङ	वडा अध्यक्ष-४	
७	काहार मान स्याङ्गवा	वडा अध्यक्ष-५	
८	पदम बहादुर आले	वडा अध्यक्ष-६	
९	रामस्वगारथ यादव	वडा अध्यक्ष-७	
१०	सम सेर सिंह	वडा अध्यक्ष-८	
११	घुरन महतो	वडा अध्यक्ष-९	
१२	प्रमोद कुमार मोक्तान	वडा अध्यक्ष-१०	
१३	पूर्ण बहादुर बल	वडा अध्यक्ष-११	
१४	राम किशोर साह	वडा अध्यक्ष-१२	
१५	लक्ष्मण सिंह	वडा अध्यक्ष-१३	
१६	विजय कुमार महतो	वडा अध्यक्ष-१४	
१७	तिर्थ बहादुर अछामी	न.का.स.	
१८	विन्देश्वर साह	न.का.स.	
१९	रामचलित्तर पंजियार	न.का.स.	
२०	लक्ष्मी कोइराला	न.का.स.	
२१	अन्सीला कुमारी	न.का.स.	
२२	विना कुमारी पाख्रिन	न.का.स.	
२३	प्रतिमा कुमारी विश्वकर्मा	न.का.स.	
२४	ऐश्वर्य वोम्जन तमाङ	न.का.स.	
२५	किरण निधि तिवारी	प्र.प्र.अ.(सदस्य सचिव)	
२६	मुरारी प्रसाद तिमल्सिना	अधिकृत(आमन्त्रित)	
२७	दिपक राज पोडेल	अधिकृत(आमन्त्रित)	
२८	सोम कुमार फुरु ङ	सु.प्र.अधिकृत(आमन्त्रित)	
२९	लभ कुमार यादव	रोजगार अधिकृत(आमन्त्रित)	

(घ) नगरपालिका वार्ड-१ रंजित शिवको धार्मिक गुठी बजारहरुको
नाम नमेट्ने तथा हटाउनलाई.

(ङ) नगरपालिका वार्ड-१ गुठि बजार तथा कृष्णा मन्दिर सम्पदालाई

प्रस्ताव नं.-१२. विविध विषयहरू (कार्यविधि तथा निर्देशिका
पास गर्ने सम्बन्धमा.

(क) बर्दिबास न. पा. क्षेत्र भित्रका नदीजन्य पदार्थ
का उत्खनन, संकलन, बिक्री व्यवस्थापन तथा नियमन
सम्बन्धी कार्यविधि-२०७६ /पास स्वीकृत

(ख) बर्दिबास नगरपालिकाको विज्ञापन कर निर्देशिका
२०७६ स्वीकृत

(ग) स्थानीय राजस्व परामर्श समिति कार्य
सञ्चालन कार्यविधि २०७६ स्वीकृत
गर्ने निर्णय गरियो।